अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।१३ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

भूमि प्रशासन कार्यालय, लगनखेल, ललितपुरका नायब सुब्बाहरू विशाल सुन्दास, राजकुमार मगर, लेखापढी व्यवसायीहरू शैलेन्द्र रानामगर र समिर कटवालसमेतको मिलेमतोमा जग्गाको बकसपत्र गराउने कामको लागि दुःख हैरानी दिई सेवाग्राहीसँग घुस (रिसवत) माग गरेको भन्ने सूचना एवम् उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निजहरूलाई सेवाग्राहीबाट घुस (रिसवत) वापत रू.३,००,०००/- (तीन लाख रूपैयाँ) लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा भूमि प्रशासन कार्यालय, लगनखेल, ललितपुरका भूमि प्रशासन अधिकृतहरू अर्जुन देव योङ्या र नविन कुमार गोले, नायब सुब्बाहरू मनोज पोखेल, राजकुमार मगर र विसाल सुन्दास, खरिदारहरू नरेन्द्र बहादुर बस्नेत, भक्त बहादुर राना र सहायक कम्प्युटर अपरेटर इन्दु दाहाल, ललितपुर महानगरपालिका, वडा नं. ४ का वडा अध्यक्ष सन्तोष खड्कासमेतले अन्य प्रतिवादीहरू लेखापढी व्यवसायी शैलेन्द्र राना मगर र समिर कट्वालसमेतसँगको मिलेमतो तथा योजनामा जिल्ला ललितपुर, साविक ललितपुर नगर, वडा नं ४ध को जग्गा अंश बुझेको भरपाई लिखत पारित गर्न गराउन घुस (रिसवत) रू.३००,०००/- (तीन लाख रूपैयाँ) माग गरी बाँडीचुँडी लिने खाने बद्नियतले उक्त जग्गाको सम्बन्धमा नापी कार्यालयबाट हालसाविक सम्बन्धी निर्णय भई पुनः नापी बमोजिमको जग्गाधनी स्रेस्ता तयार भई नक्सासमेत अद्यावधिक हुने विवरणसहित भूमि प्रशासन कार्यालय, ललितपुरमा विवरण प्राप्त भएको जानी बुझी लिखत कागजमा सोहीबमोजिम जग्गाधनी स्रेस्ता पुर्जा तयार गर्ने प्रक्रियामा गई निर्णय गरे गराएता पनि LRIMS मा पुनः नापीबमोजिम स्रेस्ता अद्यावधिक नगरी कैफियतसमेत नजनाई विना आधार अस्वीकृत गरी गराई नापी कार्यालय ललितपुरबाट आएको उक्त जग्गाको पुनः नापी बमोजिमको जग्गाधनी स्रेस्ता विवरण लुकाई छिपाई गलत लिखत तयार गरी गराई तथा सरकारी अभिलेखमा हेरफेर, थपघट, सच्याई सच्याउन लगाई साविक जग्गा विवरणको आधारमा नै अंश बुझेको भरपाई लिखत पास गरे गराई स्रेस्ता पुर्जा तयार गरे गराए वापत सेवाग्राहीबाट घुस (रिसवत) रू.३,००,०००/- (तीन लाख रूपैयाँ) लिए लिन लगाएको पुष्टि भएको देखिएकोले उल्लिखित प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहायः

क्र स	नामथर पद र कार्यालय	बिगो रू.	कसुर तथा सजायको मागदाबी
१.	भूमि प्रशासन कार्यालय लगनखेल, ललितपुरको भूमि प्रशासन अधिकृतहरू **अर्जुन देव योङ्या, नविन कुमार गोले,** नायब सुब्बाहरू **मनोज पोखेल, राजकुमार मगर, विसाल सुन्दास,** खरिदारहरू **नरेन्द्र बहादुर बस्नेत, भक्त बहादुर राना,** सहायक कम्प्युटर अपरेटर **इन्दु दाहाल** र ललितपुर	रू.३००,०००/—	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो तीन लाख रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ।

	महानगरपालिका ४ नं. वडाका वडा अध्यक्ष **सन्तोष खड्का**		
२.	लेखापढी व्यवसायीहरू **शैलेन्द्र राना मगर र समिर कट्वाल**	रू. ३००,०००/—	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो तीन लाख रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी प्रकृतिको लाभ लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना समेत हुने सजायलाई आधार लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ।

प्रवक्ता
सुरेश न्यौपाने